प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : २६५ ।। २०८२ मंसिर ०९ गते मंगलबार (25th Nov 2025 Tuesday) **Pratidin** National Daily मूल्य-रु.५/-


# प्रहरीबाट लुटिएको हतियारसहित कांग्रेस नेता लिङ्देनका छोरासहित तीन पक्राउ

झापा(प्रस) ।जेनजी आन्दोलनका क्रममा काठमाण्डौको प्रहरी कार्यालयबाट लुटिएका दुईवटा हतियार र २० राउण्ड गोलीसहित कांग्रेस नेता विश्वदीप लिङ्देनका छोरासहित तीनजना पक्राउ परेका छन् । भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा काठमाडौं महानगरीय प्रहरी कार्यालय रानीपोखरीबाट लुटिएको हतियार र गोलीसहित झापा दमक वडा न.६, प्रशान्ती टोल निवासी कांग्रेस नेता विश्वदीप लिङ्देनका छोरा २९ वर्षीय विश्व लिङ्देन , दमक वडा नं ९ बस्ने २६ वर्षीय सरोज पुरी र इलाम चुलाचुली वडा नं ४ आइतवारे बस्ने ३० वर्षीय पवन हाङसुङ्वा पक्राउ परेका हुन् । आइतवार राति ८.३० बजे लागूऔषध नियन्त्रण व्यूरोबाट खटिएको टोलीले दमक ९ स्थायी ठेगाना भई दमक ८ मा डेरा बस्दै आएका सरोज पुरीलाई कोठा बाहिर बाटोमा हिडडुल गर्दै गरेको अवस्थामा उनको साथबाट ठूलो चापे टाइप ५४ चाइनिज पेस्तोल थान १ र सोको गोली १५ राउण्डसहित फेला पारी थप अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमकमा बुझाएको थियो । पुरीलाई इप्रका दमकमा ल्याई सोधपुछ गर्दा उनले दमक ६ प्रशान्ती टोल बस्ने कांग्रेस नेता विश्वदीप लिङ्देनका छोरा विश्व लिङ्देनलाई अर्को हतियार राख्न दिएको बयान दिएका थिए । त्यसको आधारमा लिङ्देनलाई उनको घरबाटै पक्राउ गरिएको थियो ।


लिङ्देनलाई थप सोधपुछ गर्दा उनले इलाम चुलाचुली ४ बस्ने पवन हाङसुङ्वालाई २० हजार रुपैयाँमा सो हतियार बेचेको बताएका थिए । त्यसपश्चात् लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय काँकडभिट्टाबाट प्रहरी नायव निरीक्षक कुमार सोमेस लामिछानेको कमाण्डमा खटिएको टोली र इप्रका दमकबाट खटिएको टोली संयुक्त रुपमा उक्त स्थानमा पुगेर हेर्दा हाङसुङ्वाले आफ्नै बारीमा खाल्डो खनी रातो रंगको प्लाष्टिकको झोलामा लुकाई छिपाई राखेको अवस्थामा ठुलो चापे टाईप ५४ चाइनिज पेस्तोल थान १ , सोको राउण्ड ५ पेस्तोलमा लोड गरी राखेको खिया लागेको अवस्थामा फेला परेको थियो । उनलाई समेत पक्राउ गरी इप्रका दमक ल्याइएको थियो । बरामद हतियारसहित तीनै जनालाई आबश्यक कार्वाहीको लागि काठमाण्डौ पठाइएको प्रहरी स्रोतले जनाएको छ । २०६४ सालमा तत्कालीन नेकपा माओवादीका तर्फबाट उम्मेदवार बनेका लिङ्देनले एमाले अध्यक्ष केपी ओलीलाई हराएका थिए । उनलाई दुई वर्षअघि कांग्रेस सभापति शेरबहादुर देउवाले नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको सदस्यमा मनोनित गरेका थिए ।



## सर्वोच्च अदालत तोडफोड र आगजनी गर्ने भद्रपुरका घतानेसहित दुई पक्राउ

झापा(प्रस) । सर्वोच्च अदालत तोडफोड र आगजनी गरेको आरोपमा झापा भद्रपुरका एक व्यक्तिसहित दुईजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भद्रपुर नगरपालिका-१ का २८ वर्षीय ज्योति थापा घताने र ललितपुरको महालक्ष्मीस्थान नगरपालिका-५ का ३० वर्षीय ब्राउन भन्ने सुशील श्रेष्ठ छन् । पक्राउ परेका उनीहरुविरुद्ध आपराधिक अपराधको कसुरमा ७ दिनको म्याद लिएर अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी परिसर



काठमाडौंका एसपी तथा प्रवक्ता पवनकुमार भट्टराईले बताए ।

उनीहरुले जेनजी आन्दोलनको क्रममा अदालत तोडफोड तथा आगजनी गरेको प्रहरीले बताएको छ । सार्वजनिक भिडियो, फोटोको आधारमा उनीहरुलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

# इन्जिनियर थापा रास्वपाबाट उनेपा

झापा(प्रस)।पुराना राजनीतिक दलबाट असन्तुष्ट हुँदै बैकल्पिक शक्तिको खोजीमा रहेका इन्जिनियर महेन्द्रकुमार थापा राष्ट्रिय स्वतन्त्र पार्टी छोडेर कुलमान घिसिङको उज्यालो नेपाल पार्टीसंग जोडिएका छन् ।

उज्यालो नेपाल पार्टीले निर्वाचन आयोगमा पार्टी दर्ता गर्दा बुझाएको ५१ जनाको नामावलीमा उनी पनि परेका छन् । उनी इलामबाट उज्यालो नेपाल पार्टीको केन्द्रीय सदस्य बनेका हुन् ।

बैकल्पिक राजनीतिक चिन्तन, विचार र सोचका अभियन्ता थापा राष्ट्रिय स्वतन्त्र पार्टीको प्रदेश सदस्यको जिम्मेवारीमा थिए । उनी त्यसअघि विवेकशील साझा पार्टीको कोशी प्रदेश प्रमुख तथा केन्द्रीय कार्यसम्पादन सचिवालयका पदाधिकारी रही राजनीतिक गतिबिधिमा सक्रिय रहेका थिए । उनलाई आगामी २०८४ सालको स्थानीय तहको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट बिर्तामोड नगरपालिकाको मेयरको उम्मेदवार बनाउने चर्चा पनि चलेको थियो । रास्वपामा रहँदा कुनै भूमिका नदिएपछि आफूले नयाँ वैकल्पिक शक्तिको रुपमा उज्यालो नेपाल पार्टीलाई रोजेको थापाले प्रतिक्रिया दिएका छन् ।

कुलमान घिसिङको समन्वयमा दर्ता भएको उज्यालो नेपाल पार्टीमा समाजका लब्धप्रतिष्ठित व्यक्तिहरू रहेका छन् । उज्यालो नेपाल पार्टीले आफ्ना पदाधिकारीको सूचीसहित निर्वाचन आयोगमा दर्ता गरेका सूचीमा डाक्टर, इन्जिनियर, पर्वतारोहीदेखि पहिचान पक्षधरसम्म देखिएका छन् । त्यसमा इलामबाट इन्जिनियर थापालाई समेटिएको हो ।

थापा आर्किटेक्ट इन्जिनियर हुन् । उनी रियल स्टेटको व्यवसाय गर्छन् । उनले बिगत लामो समयदेखि नै विभिन्न संघ संस्थामार्फत सामाजिक कार्य गर्दै आएका छन् । उनी इलामका समाजसेवी, राजनीतिज्ञ तथा ब्यवसायी नारायण थापाका कान्छा छोरा हुन् । इलामको फोकफोकथुम गाउँपालिका कोल्बोटेमा जन्मेर इलाम नगरपालिका स्थाई घर भएका थापाले इलाम आदर्श माध्यमिक बिद्यालयबाट एस. एल.सी. उत्तीर्ण गरेका थिए । उनले भारतको बेङ्गलोर विश्वविद्यालयबाट इन्जिनियरिङ बिषयमा स्नातक गरेका थिए ।

# भेट्न नपाएपछि प्रधानमन्त्रीसँग जेनजी अगुवाहरू आक्रोशित

झापा(प्रस) । प्रधानमन्त्री सुशीला कार्कीलाई ज्ञापन पत्र बुझाउन नपाएपछि विभिन्न जेनजी युवा समूहहरू आक्रोशित भएका छन्। प्रधानमन्त्रीको सचिवालयमा आफन्त र नातेदारलाई नियुक्ति दिएको विरोधमा प्रधानमन्त्री कार्कीलाई ज्ञापत्र पत्र बुझाउन उनीहरू सोमबार प्रधानमन्त्री कार्यालय पुगेका थिए। तर, प्रधानमन्त्रीलाई प्रत्यक्ष भेट्न नपाएपछि उनीहरू आक्रोशित भएका हुन्। प्रधानमन्त्री कार्यालयको गेटमा विभिन्न समूहका जेनजी युवाहरूको भीड बढेपछि प्रधानमन्त्रीका प्रमुख सल्लाहकार अजयभद्र खनालले उनीहरूको मागका बारेमा जानकारी लिएका थिए। खनालले प्रधानमन्त्रीको सचिवालयमा आफन्त र नातेदारलाई नियुक्ति दिएको विषय पूर्ण सत्य नरहे पनि केही सत्यता रहेको बताएका थिए। जेनजीले उठाएका माग जायज रहेकाले त्यसमा छलफल गर्ने उनले आश्वासन दिएका थिए। जेनजी युवा समूहहरूले भने प्रधानमन्त्रीले नै आफूहरूको कुरा सुन्नुपर्ने अडान राखेका थिए। आफूलाई भेट्न जेनजी युवाहरू मुख्य गेटमा पुगेपनि प्रधानमन्त्री कार्की भने मन्त्रिपरिषद् बैठक सकेर बाहिरिएकी थिइन्।

# फागुन २१ को निर्वाचनमा एमाले सहभागी हुन्छः ओली

झापा(प्रस) । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अन्तरिम सरकारले घोषणा गरेको प्रतिनिधि सभा निर्वाचनमा एमाले सहभागी हुने बताएका छन् ।

सोमबार ओली निवास गुण्डुमा नेपाल रिपब्लिक मिडियासँग कुरा गर्दै ओलीले एमाले राष्ट्रिय सभा र प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने बताए । निर्वाचन प्रयोजनार्थ निर्वाचन आयोगले तोकेकै



मितिमा एमालेले दल दर्ता गराउने पनि ओलीले बताए । जेन-जी आन्दोलनपछि चुनाव लक्षित धेरै दल खुलेको, पुराना राजनीतिक दल पनि निर्वाचनमा जान दल दर्ताको क्रममा रहँदा प्रतिनिधि सभा पुनर्स्थापनाको मागसहित निर्वाचनको विपक्षमा देखिएको एमाले निर्वाचनमा जाने तयारीलाई महत्वका साथ हेरिएको छ ।

ओलीले फागुन २१ लाई तय गरिएको निर्वाचन एमालेका कारण हुँदैन भन्ने अफवाह फैलाएको आरोप लगाउँदै निर्वाचन नभए त्यसको सम्पूर्ण दोष सरकारको हुने जिकिर गरे । उनले यो सरकार चुनाव गराउने गरी नै नआएको बताएका छन् ।

ओलीले निर्वाचनमा एमाले जाने भए पनि पार्टीको बटमलाइन प्रतिनिधिसभा पुनर्स्थापन नै रहेको दावी गरे । ओलीले जेन-जी आन्दोलन र जेन-जीले उठाएका माग सम्बोधन गर्न संविधान संशोधन आवश्यक रहेको र त्यसका लागि प्रतिनिधिसभा पुनर्स्थापना हुनै पर्ने बताए ।

देश ठूलो भड्खालोमा गइसकेको बताउँदै ओलीले निकासका लागि जेन-जी प्रतिनिधिसहितको सर्वपक्षीय सरकार आवश्यक रहेको दावी गरे ।

## २० मंसिरदेखि समानुपातिक निर्वाचन प्रणालीतर्फको कार्यक्रम सुरु हुने

झापा,मंसिर ८ । समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम यही २० मंसिरदेखि सञ्चालन हुने भएको छ ।

२० मंसिरदेखि समानुपातिक निर्वाचनतर्फको कार्यक्रम आयोगबाट अगाडि बढ्ने छ । निर्वाचन आयोगबाट स्वीकृत कार्यक्रमअनुसार २१ मंसिर बिहान १० बजेदेखि २३ मंसिर दिउँसो ४ बजेसम्म समानुपातिक निर्वाचनमा भाग लिन चाहने राजनीतिक दलहरूले निवेदन पेश गर्नेछन् । निवेदन पेश गरेका राजनीतिक दलहरूको नामावली प्रकाशन २४ मंसिर बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म हुनेछ ।


१३ र १४ पुस बिहान १० बजेदेखि दिउँसो ४ बजेसम्म राजनीतिक दलहरूले उम्मेदवारको बन्दसूची पेश गर्नेछन् । २० माघ बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म उम्मेदवारको बन्दसूची अन्तिम रूपमा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

स्वीकृत निर्वाचन कार्यक्रम अनुसार २१ फागुन बिहान ७ बजेदेखि बेलुका ५ बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुनेछ ।

# कृषि विद्यार्थीलाई दीर्घकालीन रोजगार दिने इजरायलको प्रस्ताव

झापा(प्रस) । इजरायलले कृषिका नेपाली विद्यार्थीलाई कृषि क्षेत्रमा र घरमा आधारित सहायक श्रमिक (कियरगिभर) लाई ५ वर्षको दीर्घकालीन रोजगारी दिन भन्दै थप दुई वटा नयाँ प्रोटोकलको मस्यौदा पठाएको छ ।

इजरायल र नेपालबीच भएको श्रम सम्झौता अन्तर्गत थप दुई वटा प्रोटोकल र एकको परिमार्जन हुन लागेको हो । इजरायलसँग दीर्घकालीन सेवा केन्द्र (वेताबोध)मा सहायक श्रमिक पठाउने मात्रै प्रोटोकल छ । यसलाई पनि परिमार्जन सहितको मस्यौदा पठाएको छ ।



'अहिले हामीसँग इजरायलले पठाएको तीन वटा प्रोटोकलसम्बन्धी मस्यौदा छ । एउटा अस्पताल (वेताबोध)मा रहेका वृद्धवृद्धालाई स्याहारसुसार गर्ने पहिला नै गरिएको प्रोटोकललाई थप परिमार्जन गरी आएको छ । दोस्रो कृषिका विद्यार्थीलाई रोजगारी दिने र तेस्रो घरमा नै बसेर कियरगिभरमा रोजगारी दिने हो,' श्रम मन्त्रालयका एक अधिकारीले भने,' तीनवटा मध्ये दुई प्रोटोकल नयाँ हो ।' श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार तीन वटै प्रोटोकल छलफल गरी स्वीकृतिको लागि मन्त्रिपरिषद् पुगेको छ । 'हामीले यसमा आवश्यक छलफल गरिसकेका छौं । यसको अन्तिम तयारीको लागि मन्त्रिपरिषद्को विधेयक समितिमा पठाएको छ । यसबाट पारित भएमा हस्ताक्षर गर्ने प्रक्रिया अगाडि बढ्नेछ ।' श्रम मन्त्रालयका अनुसार तीन वटै क्षेत्रमा सरकारी संयन्त्रबाटै श्रमिकको भर्ना प्रक्रिया अगाडि बढाइनेछ । लर्न एन्ड अर्न कार्यक्रम अन्तर्गत इजरायल जाने कृषि विद्यार्थीलाई कृषि क्षेत्रमा नै श्रमिकको हैसियतमा काम लगाउने इजरायलको प्रस्ताव छ । लर्न एन्ड अर्न कार्यक्रम ११ महिनाको मात्रै हुन्छ । अहिलेसम्म इजरायलमा यो कार्यक्रम अन्तर्गत तीन हजार जना विद्यार्थी गइसकेका छन् । 'लर्न एन्ड अर्न कार्यक्रम सकेपछि दीर्घकालीन रोजगारीमा परिणत गर्ने प्रस्ताव छ । जुन नेपाली विद्यार्थीको लागि दिगो रोजगारी हो,' ती अधिकारीले भने ।

त्यस्तै, घरमा नै बसेर वृद्धवृद्धा र शारीरिक अशक्तता भएका व्यक्तिलाई पनि स्याहारसुसार गर्ने क्षेत्रमा रोजगारी दिने इजरायलको प्रस्ताव छ । यो क्षेत्रमा २००७ देखि नै नेपाली जान थालेको थियो । त्यतिखेर काम गर्न पुगेका नेपालीले अहिले पनि घरमै काम गरिरहेको छ । तर म्यानपावर कम्पनीमार्फत पठाउँदा आर्थिक शोषण भएको भन्दै बन्द भएपछि नया श्रमिक जान पाएको छैन । हाल इजरायलमा झन्डै ५ हजार नेपाली कार्यरत छन् । चार वर्षदेखि भने वेताबोधमा मात्रै गइरहेका छन् । एक वर्ष अगाडि वेताबोधको लागि २१ सय १२ जना छानिएका छन् । जसमध्ये ८ सय जना गइसकेका छन् ।




# कप्तान ऐरीको अलराउन्ड प्रदर्शनमा सुदूरपश्चिम विजयी

झापा । कप्तान दीपेन्द्रसिंह ऐरीको अलराउन्ड प्रदर्शनमा सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटको सोमबारको दोस्रो खेलमा कर्णाली याक्सलाई ४५ रनले पराजित गरेको छ । दीपेन्द्रले ४ विकेट लिएपछि १ सय ४० रनको लक्ष्य लिएर आएको कर्णाली त्रिवि क्रिकेट अन्तर्राष्ट्रिय रंगशाला कीर्तिपुरमा १९.२ ओभरमा ९४ रनमै अलआउट भयो । यस सिजनको एनपीएलमा यो सबैभन्दा न्यून स्कोर हो ।

ब्याटिङमा रोयल्सको इनिङ्स जमाएका प्लेयर अफ द म्याच दीपेन्द्रले ४ ओभरमा २३ रन खर्चेर उत्कृष्ट प्रदर्शन गरेका हुन् । रोयल्सको यो लगातार तेस्रो जित हो । यसअघिको खेलमा टोलीले काठमान्डु गोर्खाज र पोखरा एभेन्जर्सलाई पराजित गरेको थियो । कर्णालीले भने ३ खेलमा दोस्रो हार बेहोरेको हो ।

दीपेन्द्रले पावर प्लेमै ३ ओभर बलिङ गर्दै झरेको ३ विकेट लिएका थिए । इनिङ्सको दोस्रो तथा आफ्नो पहिलो ओभरमा उनले प्रियांक पान्चललाई शून्यमा स्टम्प आउट गराएका थिए । त्यसपछि उनले मार्क वाटलाई १७ र नाजिबुल्लाह जाद्रानलाई १ रनमा एलबीडब्लु आउट गरे ।

जाद्रन अघि हेमन्त धामीले विलियम बोसिस्टोलाई ३ रनमा विकेटको पछाडि क्याच गराएपछि पहिलो पावर प्लेको अन्तिम ४ बल खेल्न कप्तान सोमपाल आफैं आएका थिए । उनले इनिङ्स बसाउने प्रयास गर्दै १६ बलमा १४ रन बनाए पनि हरमितको बलमा कट एन्ड बोल्ड भए ।

पवन सर्राफले कर्णालीबाट सर्वाधिक २७ रन बनाए । उनले २६ बल खेली ४ चौका प्रहार गरे । गुलशन झा र अर्जुन घर्ती समान १३, नन्दन यादव १ र युवराज खत्री शून्यमा आउट भए । हरमितले ४ ओभरमा १९ र अविनाश बोहराले ३.२ ओभरमा १९ रन खर्चेर २-२ तथा स्कट कुग्लेन र हेमन्त धामीले १-१ विकेट लिए ।

यसअघि सोमपालले उत्कृष्ट बलिङ गरेपछि कर्णालीले सुदूरपश्चिमलाई ठुलो स्कोर बनाउनबाट रोकेको थियो । टस हारेपछि ब्याटिङको निम्तो पाएको रोयल्सले ९ विकेट गुमाई १ सय ३९ रन बनाएको थियो ।

सोमपालले ४ ओभरमा १ मेडन राख्दै ३२ रन खर्चेर ३ विकेट लिए । उनले खेलको पहिलो बलमै जस ब्राउनलाई बोल्ड गरेका थिए । दीपेन्द्रसिंह र हरमितले छैटौं विकेटका लागि आक्रामक ब्याटिङ गरिरहेको समयमा सोमपालले नै हरमितको लेग स्टम्प उडाइदिएर यो साझेदारी तोडेका थिए ।सोमपालको तेस्रो विकेट नेपाली क्रिकेटमा दुर्लभ नै रह्यो । उनले आफ्नो अन्तिम ओभरमा नरेन साउदलाई हिट विकेट गराएका थिए । सोमपाल बाहेक नन्दनले ३ ओभरमा ११ रन खर्चेर २ तथा वाट, विपिन शर्मा र युवराजले १-१ विकेट लिए ।

रोयल्सबाट दीपेन्द्रले सर्वाधिक ३९ रन बनाए । उनले २८ बल खेली १ चौका र २ छक्का प्रहार गरे । दीपेन्द्र र हरमितले छैटौं विकेटमा ४८ रनको साझेदारी गरे । हरमितले १६ बल खेली समान १ चौका र छक्का प्रहार गरी १९ रन बनाए ।

ब्राउन पहिलो बलमै आउट भएपछि रोयल्सले अधिकांश समय दबाबमा खेलेको थियो । उनका ओपनिङ जोडि विनोद भण्डारीले १३ बल खेली १ चौका प्रहार गर्दै ११ रन बनाए । क्रिस लिनले २० बल खेली २ चौकासहित १८ रन जोडे । ईशान पाण्डे २ रनमा रनआउट भए । तल्लोक्रममा कुग्लेन १०, नरेन शून्यमा आउट भए । हेमन्त र अविनाश समान १ रनमा अविजित रहे ।

# जनेजी मभुमेन्टले माग्यो प्रधानमन्त्री कार्कीको राजीनामा

झापा,मंसिर ८ । जनेजी मुभमेन्ट नेपालले प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले गैरजिम्मेवार निर्णयहरू गर्न थालेको तथा सरकार पूर्ण रूपमा भ्रष्टाचार, पक्षपात र कुशासनमा गढिएको भन्दै बहिस्कार गर्न माग गरेको छ ।



सोमबार विज्ञप्ति जारी गर्दै जेनजी मुभमेन्ट नेपालले उर्जामन्त्री कुलमान घिसिङले ४३ करोड नोक्सानी गरेको, अर्थमन्त्री रामेश्वर खनालले डोल्मालाई गैरकानुनी कर छुट दिएको तथा महान्यायाधिवक्ता सविता बराल भण्डारीले किशोरीहरूको डिम्ब विक्री गरेको तथा प्रधानमन्त्री सुशीला कार्कीका स्वकीय सचिवले आफन्तलाई नियुक्ति दिएको र गृहमन्त्री ओमप्रकाश अर्यालले काकालाई डीआइजी बनाउन सशस्त्र प्रहरीमा दरबन्दी थपेर संगठित दुराचारमा लागेको आरोप लगाएको छ । जेनजी मुभमेन्टले विद्रोहका आदर्श, सुशासनका लागि प्राण अर्पण गरेका सहिद घाइतेहरूसहित नेपाली जनताप्रति गम्भीर अपमानमा लाग्दा सरकारले नैतिकता र जनविश्वास दुवै गुमाएको जनाएको छ ।

'अतः हामी सुशीला कार्कीलाई तत्काल पदबाट राजीनामा दिन र जेनजी विद्रोहको भावना तथा जनआकांक्षामाथि कुठराघात नगर्न आह्वान गर्दछौं', जनेजी मुभमेन्टले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'सत्ता कु गरेर बनेको सुशीला कार्की र उनको मन्त्रिपरिषदलाई सार्वजनिक रूपमा बहिस्कार गर्दै अवज्ञा गर्न समग्र देशवासीलाई आह्वान गर्दछौं ।'

# दोस्रो जिल्लास्तरीय डोरीतान आउटडोर च्याम्पियनसीप हुने

झापा(प्रस) । झापामा जिल्लास्तरीय दोस्रो डोरीतान आउटडोर च्याम्पियनसीप आयोजना गरिने भएको छ। हल्दीबारी गाउँपालिका-५ स्थित मोति आधारभूत विद्यालयको खेलमैदानमा प्रतियोगिता यही मंसिर ११ गते सञ्चालन हुने आयोजकले जनाएको छ।

बिर्तामोडमा सोमवार गरिएको पत्रकार सम्मेलनमा डोरीतान प्रतियोगिताको विस्तृत जानकारी सार्वजनिक गरिएको हो। च्याम्पियनसीपको उद्घाटन कोशी प्रदेशका सभामुख अमरबहादुर विष्टले गर्ने कार्यक्रम तय भएको छ।

झापा जिल्ला डोरीतान संघकी अध्यक्ष युनिता दवाडीका अनुसार प्रतियोगितामा तीन विभागीय टोली र १५ पालिकाका टोली सहित १८ टिमले प्रतिस्पर्धा गर्नेछन्।



खेल विहान ११ बजेदेखि सुरु भएर साँझ ५ बजे समापन गरिने बताइएको छ।

विजेता टोलीले नगद ५१ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ३१ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ।

प्रतियोगिता झापा जिल्ला डोरीतान संघ र हल्दीबारी जेसीजको संयुक्त आयोजनामा हुने भएको छ। राष्ट्रिय खेलकुद परिषद्, कोशी प्रदेश डोरीतान संघ र हल्दीबारी गाउँपालिका संरक्षकको भूमिकामा रहनेछन्। सहयोगी संस्थाका रूपमा नेको इन्स्योरेन्स, कामाक्षा टी प्रोसेसिङ प्रालि र मोति आधार भूत विद्यालय रहने जानकारी हल्दीबारी जेसीजका महासचिव प्रायुष पौडेलले दिएका छन्। खेलमार्फत युवालाई सक्रिय, अनुशासित र दक्ष जनशक्ति निर्माणमा योगदान गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको जनाइएको छ।

प्रतियोगितामा २०० भन्दा बढी खेलाडी सहभागी हुने अनुमान छ। सहभागी खेलाडीका लागि खाजा तथा खानाको व्यवस्था मिलाइएको छ। प्रतियोगिता संचालनमा करिब ९ लाख ८२ हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको आयोजकले जनाएको छ।

यसअघि प्रतियोगिताको पहिलो संस्करण २०७९ सालमा सम्पन्न भएको थियो। सो संस्करणमा कचनकवल गाउँपालिकाले उपाधि जितेको थियो भने बुद्धशान्ति गाउँपालिका उपविजेता भएको थियो।

# लागूऔषधसहित खुदुनावारीका कुमाल पक्राउ

झापा(प्रस) । लागूऔषध ब्राउनसुगरसहित झापा अर्जुनधारा -२ खुदुनाबारीका एक युवक पक्राउ परेका छन् ।



आइतवार साँझ ७:४० बजे भद्रपुरस्थित मेची पुलमा वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेका पैदलयात्री अर्जुनधारा -२ खुदुनाबारी बस्ने ३१ वर्षीय बिरबहादुर कुमाललाई लागूऔषधसहित पक्राउ गरेको हो । शंका लागेर चेकजाँच गर्दा उनले मलद्वारभित्र प्लाष्टिकको पोका पारी लुकाई छिपाई ल्याउँदै गरेको प्लाष्टिकबाहेक ६ ग्राम ८३० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

उनलाई नियन्त्रणमा लिई वडा प्रहरी कार्यालय भद्रपुरमा राखिएको छ । थप अनुसन्धान तथा कानुनी कार्बाहीको लागि जिल्ला प्रहरी कार्यालय झापा पठाइएको छ ।

# झापामा सर्प र अरिङ्गालले टोकेर दुईजना घाइते

झापा(प्रस)। झापामा सर्प र अरिङ्गालले टोकेर दुईजना घाइते भएका छन् ।

शनिवार बिहान ८ बजे झापा गाउँपालिका वडा न.४ भामटोली बस्ने अलिम मियाकी श्रीमती २७ वर्षीया तमिना बिबीलाई आफ्नै गोठबाट दाउरा निकाल्ने क्रममा सर्पले दाहिने हातमा टोकेको थियो । उनलाई उपचारको लागि सर्पदंश केन्द्र कोटिहोम सुरुङ्गामा लगी उपचार गरेपश्चात् घरमा ल्याइएको थियो ।

उनी पुनः बिरामी भएपछि आइतवार साँझ ७ बजे बिर्तासिटी अस्पताल बिर्तामोड ल्याइएको छ । उनको अवस्था मध्यम रहेको छ ।

त्यस्तै आइतवार बिहान बुद्धशान्ति गाउँपालिका ६ डाँडागाउँ बस्ने लिला थापाका छोरा १७ वर्षीय क्रिपेश थापा घरनजिकै रहेको रुखमा घाँस काट्ने क्रममा सोही रुखमा रहेको अरिङ्गालले टोकेर घाइते भएका छन् । उनलाई उपचारका लागि बिर्तासिटी अस्पतालमा ल्याइएको छ ।

# कोशीमा मतदाता नामावलीका लागि एक लाख ५७ हजारको निवेदन

झापा,मंसिर ८ । कोशी प्रदेशबाट एक लाख ५७ हजार ६१३ जनाले मतदाता नामावलीका लागि निवेदन दिएका छन् ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी गत असोज १० गतेदेखि मतदाता नामावली सङ्कलन सुरु गरिएको थियो । मंसिर ५ गतेसम्मको अवधिमा कोशी प्रदेशका जिल्ला, लागि निर्वाचन कार्यालयमार्फत र अनलाइन दुवै गरी ताप्लेजुङबाट तीन हजार, पाँचथरबाट चार हजार ३८९, इलामबाट ६ हजार ६४, सङ्खुवासभाबाट दुई हजार ८०८, तेह्रथुमबाट तीन हजार ६७७, धनकुटाबाट तीन हजार २७२, भोजपुरबाट दुई हजार ९० ९, खोटाङबाट चार हजार १६२, सोलुबाट ५८०, ओखलढुङ्गाबाट पाँच



हजार ९३२, उदयपुरबाट आठ हजार ७१७, झापाबाट ३५ हजार ३१९, सुनसरीबाट ३२ हजार ३८२ र प्रदेश निर्वाचन कार्यालय विराटनगरबाट ४४ हजार ४०२ जनाले निवेदन दिएका हुन् ।निर्वाचन आयोगले आफू बसेको स्थानको निर्वाचन कार्यालयबाट वा कुनै आफ्नो अनुकूल पर्ने निर्वाचन कार्यालयबाट आवेदन दिन सक्ने व्यवस्था गरेको थियो ।

प्रदेश निर्वाचन कार्यालयबाट र राष्ट्रिय परिचयपत्रका आधारमा अनलाइनमार्फत मतदाता नामावली दर्ताका लागि निवेदन दिइएको हो ।

निर्वाचन कार्यालयमा पुगेर ५८ हजार ९२५ जनाले तथा अनलाइनमार्फत ९८ हजार ६८८ जनाले नामावली दर्ताका लागि निवेदन दिएका छन् । मतदाता नामावली दर्ताका

# बाँसबाट निर्माण हुने संरचनाको डिजाइन सम्बन्धी मार्गदर्शन स्वीकृत, दुई तलेसम्म भवन बनाउन सकिने

झापा,मंसिर ८ । सरकारले बाँसबाट निर्माण हुने संरचनाको डिजाइन सम्बन्धी मार्गदर्शन स्वीकृत गरेको छ । उर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र शहरी विकासमन्त्री कुलमान घिसिङले बाँसवाट निर्माण हुने संरचनाको डिजाइनसम्बन्धी मार्गदर्शन, २०८२ स्वीकृत गरेको उनको सचिवालयले जनाएको छ ।

मार्गदर्शनले बाँसलाई संरचनात्मक निर्माण सामाग्रीको रूपमा प्रयोग गरी एकदेखि दुई तले आवासीय, साना व्यावसायिक तथा औद्योगिक भवनहरूको इन्जिनियरिङ डिजाइन र निर्माणलाई संस्थागत बनाउने मार्ग प्रशस्त गरेको छ । शहरी विकास मन्त्रालयबाट स्वीकृत मार्गदर्शन कार्यान्वयनमा ल्याउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्थानीय तहमा परिपत्र गरिनेछ ।

स्टील र कंक्रिटमा आधारित निर्माण प्रविधि महँगो, पर्यावरणमा नकारात्मक प्रभाव पार्ने, ग्रामीण क्षेत्रमा निर्माण सामाग्रीको सीमित पहुँचका कारण सस्तो र वातावरणमैत्री संरचनाको महत्व बढ्दै गएको छ । यसलाई ध्यान दिँदै परम्परागत रुपमा प्रयोग हुँदै आएको ग्रामीण स्तरमै उपलब्ध हुने बाँसलाई निर्माण सामाग्रीको रुपमा प्रयोग गर्न प्रोत्साहन र प्रवर्धन गर्न मार्गदर्शनले जोड दिएको मन्त्री घिसिङले बताए ।

उनले ईंटा, सिमेन्ट र फलाम जस्ता सामग्रीमा निर्भरता घटाउँदै स्थानीय रूपमा उपलब्ध बाँसलाई संरचनात्मक प्रयोगमा ल्याउन सकिने र यसबाट किफायती संरचना निर्माण हुँदा विपन्न र गरिबीको रेखामुनि रहेका परिवारले पनि टिकाउ आवास बनाउन सक्ने उल्लेख गरे । बाँस छिटो बढ्ने वनस्पति समेत भएका कारण यसको प्रयोगलाई प्रवर्धन गर्न सकिएमा अन्य निर्माण सामाग्रीका कारण पर्यावरणमा परिरहेको नकरात्मक प्रभावलाई समेत कम गर्न सकिने उनले बताए ।

अन्तर्राष्ट्रिय स्तरमा बाँसको भवन डिजाइन तथा निर्माण प्रविधि सम्बन्धमा भएका अध्ययन र अनुसन्धानबाट हासिल भएका तथ्य, ज्ञान र मापदण्डलाई आधार बनाएर मार्गदर्शन बनाइएको छ ।

मार्गदर्शनले बाँसको कटाई, ग्रेडिङ्ग, रासायनिक उपचार, भण्डारण र प्रयोगकालगायतका विषयमा स्पष्ट मापदण्ड तोकेको छ । बाँसको प्रयोगद्धारा भूकम्प प्रतिरोधी, वातावरणमैत्री र लागत-किफायती संरचना निर्माण गर्न सकिने सरल तथा सहज ढंगको डिजाइन विधि र आवश्यक विस्तृतीकरणसहित घरका नमुना डिजाइन समावेश गरिएको छ ।

मार्गदर्शन निर्मणका क्रममा शहरी विकास तथा भवन निर्माणका प्राविधिकसहित इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोक र थापाथली क्याम्पस, नेपाल गुणस्तर तथा नापतौल विभाग र मदन भण्डारी विश्वविधालयमा आवश्यक परिक्षण गरिएको थियो ।


## कृषि उत्पादनमा आत्मनिर्भर बनौं ।

- कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।
- कृषि उत्पादन बढाऔं, आत्मनिर्भर बनौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

### सूचना

प्रस्तुत विषयमा बिर्तामोड नगर क्षेत्रभित्र निर्माण भइसकेका भवनहरुको अभिलेखिकरण गर्ने म्याद यहि मिति २०८३ असाढ मसान्त सम्म रहेकोले उक्त अवधी भित्र आफ्नो भवनको अभिलेखिकरण गर्न हुन सम्पूर्ण बिर्तामोड नगरवासीहरुको जानकारीको लागि अनुरोध छ ।



## बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोशी प्रदेश नेपाल

### अव्यवस्थित तारहरुलाई व्यवस्थित गर्ने सम्बन्धी सूचना

बिर्तामोड नगरपालिका मुक्तिचोकदेखि सैनिकमोड आसपाससम्म अव्यवस्थित रुपमा छरिएका, झुण्डिएर रहेका टेलिफोन तार, केवल तार लगायतका अन्य तारहरुले सवारी आवतजावतका साथै नागरिकहरुलाई हिंड्डुल गर्न कठिनाइ भएको हुँदा आजका मितिले ७ (सात) दिनभित्रमा उक्त तारहरु व्यवस्थित गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचनालाई बेवास्ता गरी तारहरु व्यवस्थित नगरिएमा नगरपालिकाले आवश्यक प्रकृया अघि बढाउने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत



## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,बुद्धशान्ति गाउँपालिका वार्ड नं.-३ मा बस्ने श्री दिलबहादुर खवासका छोरा,श्री तुलसा चौलागाई खवासका पति श्री अम्बर बहादुर खवासको मिति वि.सं.२०८२/०६/३१ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय बुधबारेमा रहेको चल्ती/वचत/मुद्दती खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमतीले मिति वि.सं.२०८२/०८/०५मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.



## निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश ,झापा जिल्ला,मेचीनगर नगरपालिका वार्ड नं.-१२ मा बस्ने श्री नन्दलाल चम्लागाईकी छोरी श्री मुक्ति प्रसाद पौडेलकी श्रीमती श्री कृष्णमाया पौडेलको मिति वि.सं.२०८१/०९/१७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय चारआलीमा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान मुक्ति प्रसाद पौडेलले मिति वि.सं.२०८२/०७/२९मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन गराऊ

**आगामी फागुन २१ का लागि  निर्वाचनको माहौल बन्दै गएको छ ।  नयाँ र पुराना  सबै राजनीतिक दलहरु निर्वाचनमा भाग लिन तयार भएका छन् । फागुन २१ को निर्वाचनमा एमाले सहभागी हुन्छः ओली**

**नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अन्तरिम सरकारले घोषणा गरेको प्रतिनिधि सभा निर्वाचनमा एमाले सहभागी हुने बताएका छन् ।**

**सोमबार ओली निवास गुण्डुमा नेपाल रिपब्लिक मिडियासँग कुरा गर्दै ओलीले एमाले राष्ट्रिय सभा र प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने बताए ।**

**निर्वाचन प्रयोजनार्थ निर्वाचन आयोगले तोकेकै मितिमा एमालेले दल दर्ता गराउने पनि ओलीले बताए । जेन–जी आन्दोलनपछि चुनाव लक्षित धेरै दल खुलेको, पुराना राजनीतिक दल पनि निर्वाचनमा जान दल दर्ताको क्रममा रहँदा प्रतिनिधि सभा पुनर्स्थापनाको मागसहित निर्वाचनको विपक्षमा देखिएको एमाले निर्वाचनमा जाने तयारीलाई महत्वका साथ हेरिएको छ ।**

**ओलीले फागुन २१ लाई तय गरिएको निर्वाचन एमालेका कारण हुँदैन भन्ने अफवाह फैलाएको आरोप लगाउँदै निर्वाचन नभए त्यसको सम्पूर्ण दोष सरकारको हुने जिकिर गरे । उनले यो सरकार चुनाव गराउने गरी नै नआएको बताएका छन् । ओलीले निर्वाचनमा एमाले जाने भए पनि पार्टीको बटमलाइन प्रतिनिधिसभा पुनर्स्थापन नै रहेको दावी गरे । ओलीले जेन–जी आन्दोलन र जेन–जीले उठाएका माग सम्बोधन गर्न संविधान संशोधन आवश्यक रहेको र त्यसका लागि प्रतिनिधिसभा पुनर्स्थापना हुनै पर्ने बताए ।**

**देश ठूलो भड्खालोमा गइसकेको बताउँदै ओलीले निकासका लागि जेन–जी प्रतिनिधिसहितको सर्वपक्षीय सरकार आवश्यक रहेको दावी गरे ।**

**निर्वाचन अगावै संविधान संशोधन गरी प्रत्यक्ष कार्यकारी प्रमुखको निर्वाचन गराउन र संघीयता खारेज गर्न दवाब दिइरहेका केही ‘जेन–जी’का कारण निर्वाचन बिथोलिने आशंका भइरहेको बेला ‘जेन–जी मुभमेन्ट अलायन्स’ का अभियन्ताहरूले आगामी फागुन २१ गते नै प्रतिनिधिसभाको निर्वाचन हुनुपर्ने धारणा राखेका छन्। त्यसकारण अब सरकार निर्वाचनको पूर्ण तयारीमा लाग्नु पर्ने हुन्छ । यदि चुनाव भएन भने  सरकारकै कारणले चुनाव हुँदैन । त्यसकारण कुनै पनि कसर बाँकी नराखी  सरकार निर्वाचनको तयारीमा लाग ।**




# वित्तीय प्रणालीमा सुधार



• पदमराज अवस्थी

कुनै पनि देश कमजोर हुनु भनेको अर्थतन्त्र बलियो नहुनु हो । सन् २०२२ मा श्रीलङ्का टाट पल्टियो भन्नुको अर्थ श्रीलङ्काली अर्थतन्त्र निकै कमजोर भएको अवस्था थियो । अर्थतन्त्र टाट पल्टिए पनि देश सार्वभौम रहिरहन्छ । कमजोर अर्थ व्यवस्थाको फाइदा उठाउन नदिन राजनीतिक नेतृत्व चनाखो भएन भने यसले कालान्तरमा देशको सार्वभौमकितामा समेत असर पुऱ्याउँछ । कुनै पनि देश मुख्यतः तीन वटा कारणले कमजोर हुन्छ । पहिलो, देशलाई आवश्यक पर्ने वस्तु तथा सेवाको आयात धान्न आवश्यक पर्ने विदेशी विनिमय सञ्चिति पर्याप्त नहुनु हो । दोस्रो, सरकारको आम्दानीभन्दा खर्च धेरै भएर राज्यले आफ्नो दायित्व भुक्तानी दिन नसक्नु र तेस्रो देशमा सञ्चालित बैङ्क तथा वित्तीय संस्थाको समग्र अवस्थामा ह्रास आई देशको वित्तीय प्रणालीप्रति जनविश्वास न्यून रहेको अवस्थालाई लिइन्छ ।

विदेशी विनिमय सञ्चितिको अभावमा खुला अर्थतन्त्र, जसले अरू देशबाट वस्तु तथा सेवा आयात गरिरहेका हुन्छन्, टाट पल्टिन्छन् भने राज्यले दायित्व भुक्तानी गर्न नसकेको र वित्तीय प्रणाली खस्केको अवस्थामा खुला तथा बन्द दुवै किसिमका अर्थतन्त्र टाट नै पल्टिन्छन् ।

नेपाली जवान ब्रिटिस सेनामा भर्ती भएसँगै नेपालले पहिलो पटक वीरताको चिनोको रूपमा विदेशी मुद्रा कमाएको थियो । सगरमाथा आरोहणलगायत हिमाली पर्यटनका गन्तव्य खुला गरेसँगै सन् १९५० को दशकदेखि सन् १९८० को दशकसम्म नेपालका लागि विदेशी मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन बनेको थियो । केही समय नेपालको विदेशी विनिमय सञ्चिति गलैंचा, पस्मिनालगायतका वस्तु निर्यातबाट समेत धानिएको अवस्था थियो । विदेशी विनिमय सञ्चितिको इतिहासमा नेपाल अहिले सर्वाधिक सहज अवस्थामा रहेको छ । मौद्रिक नीतिले सात महिनाको वस्तु तथा सेवा आयात धान्न सक्ने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने भनेको भए पनि हाल नेपालको विदेशी विनिमय सञ्चिति २८ खर्ब ८१ अर्ब रहेको छ । सो सञ्चिति १६ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको नेपाल राष्ट्र बैङ्कले जनाएको छ ।

वैदेशिक रोजगारमा जाने युवाको सङ्ख्यामा भइरहेको उल्लेख्य वृद्धिले अबको एक दशकसम्म नेपालको विदेशी विनिमय सञ्चिति सुविधाजनक अवस्थामा रहने प्रक्षेपण गरिएको छ । यसको प्रमुख श्रेय वैदेशिक रोजगारीलाई दिनु पर्छ, जसले नेपालको अर्थतन्त्र टाट पल्टिनबाट जोगाएको छ ।

सरकारको पुँजीगत खर्च देशको आवश्यकता भन्दा न्यून रहेको छ । सरकारले पुँजीगत खर्च गर्न ठेक्का प्रदान गर्ने तर ठेकेदारलाई समयमै रकम भुक्तानी दिन सक्ने क्षमता निर्माण गर्न नसक्ने अवस्था बेला बेला देखिने गरेको छ । नेपाल सरकारले भुक्तानी गर्नुपर्ने सार्वजनिक ऋणको साँवा तथा ब्याज दायित्व निरन्तर बढ्दै गएर २६ खर्ब नाघेको छ । सरकारसँग राजस्व सङ्कलनभन्दा बाहेक अन्य कुनै पनि भरपर्दो आयस्रोत नहुँदा पुरानो ऋण तिर्नसमेत बजारबाट नयाँ ऋण लिनुपर्ने अवस्था सिर्जना हुँदै गएको छ ।

सरकारले विकास निर्माणमा खर्च गरिरहने तर समयमै काम सम्पन्न नहुने समस्याले सरकारले लगानीको प्रतिफल प्राप्त गर्न सकिरहेको छैन । सार्वजनिक निर्माणका कार्यमा गुणस्तरीयता, प्रतिस्पर्धा र व्यावसायिकता कायम गर्न नसक्दा सरकारको आयआर्जन दिगो हुन सकेको छैन । नेपालको संविधानले नागरिकका कर्तव्य अन्तर्गत सार्वजनिक संरचनाको जगेर्ना गर्नु नागरिकको कर्तव्य हो भनेर उल्लेख गरेको भए पनि सार्वजनिक सम्पत्ति सरकारको मात्र हो भन्ने आममानसिकताले हाम्रा सार्वजनिक संस्था सुदृढ हुँदै जानुको सट्टा झन् झन् कमजोर बन्दै गएका छन् । जसको उदाहरणका रूपमा हामी हाम्रा सार्वजनिक संस्थानलाई लिन सक्छौँ, जुन पारदर्शिता, जवाफदेहिता र अपनत्वको अभावमा कमजोर बन्दै गएका छन् । सरकारको खर्च निरन्तर बढ्दै जाने तर सार्वजनिक संस्था दोहोनको चक्रव्यूहमा परि कमजोर बन्दै जाने प्रवृत्तिले निरन्तरता पाएको खण्डमा भने कालान्तरमा नेपालको अर्थतन्त्र गम्भीर सङ्कटमा जाने देखिन्छ ।

देशमा देखिएको सहकारी र लघुवित्तका समस्या समाधान निस्किसकेको छैन । राजनीतिक आवरणमा सहकारी पीडक लुकेको गुनासो पीडितको छ । देशैभरि झन्डै एक हजार सहकारीमा समस्या देखिँदा जनताको छ खर्ब निक्षेप सङ्कटमा परेको जानकार बताउँछन् । सहकारीको समस्या समाधान गर्न सरकारले राष्ट्रिय सहकारी नियमन प्राधिकरण सञ्चालनमा ल्याएको छ । यसले सहकारी समस्या समाधान गर्ने अपेक्षा गरिएको छ । सहकारीको समस्या समयमै समाधान गर्न प्राधिकरण सक्षम नभएको अवस्थामा लाखौँ जनता गम्भीर आर्थिक सङ्कटमा जाने छन् ।

सहकारीको नियमन नभएर समस्या आएको हो भनिए पनि सबैभन्दा शक्तिशाली नियामक मानिएको नेपाल राष्ट्र बैङ्कको नियमनमा सञ्चालित लघुवित्त प्रणालीमा समेत गम्भीर समस्या देखिएको छ । एउटै ग्राहकलाई १० वटा भन्दा लघुवित्तले कर्जा प्रवाह गर्ने, ग्राहकले कर्जा लिन्न भन्दा पनि ग्राहकको घरमै गएर कर्जा दिनेलगायतका कारणले लघुवित्त समस्यामा परेको बताइन्छ । राष्ट्र बैङ्कले लघुवित्तको नियमनमा गरेको बेवास्ताले लघुवित्तले अप्राकृतिक अर्थात् क्षमताभन्दा बाहिर गएर व्यापार गरेको देखिएको छ भने लघुवित्तको लाइसेन्स वितरण गर्दा गैरसरकारी संस्थालाई समेत लघुवित्तको काम गर्न पाउने गरी लाइसेन्स दिइएको छ । लघुवित्तको समस्या सुल्झाउन राष्ट्र बैङ्कले काम अगाडि बढाएको भए पनि नतिजा आउन भने बाँकी नै छ ।

विगत १० वर्षको अवधिमा नेपालको अर्थतन्त्रले भूकम्प, बाढीपहिरो र कोभिड जस्ता गम्भीर प्राकृतिक प्रकोप, जेनजी आन्दोलन र नाकाबन्दी जस्ता गम्भीर कूटनीतिक घटना पनि पार गरिसकेको छ । यिनै घटनाको प्रकोपमा परेर देशमा व्यापार व्यवसाय चल्न नसकेको अवस्थामा व्यापारी व्यवसायीले उपयोग गरिरहेको बैङ्क कर्जामा समस्या नदेखियोस् भनेर राष्ट्र बैङ्कले निरन्तर कर्जाको पुनर्संरचना र पुनर्तालिकीकरण गर्दै आएको छ । पुनर्संरचना र पुनर्तालिकीकरणले व्यवसायीलाई केही राहत त दिएको छ तर निरन्तरको पुनर्संरचना र पुनर्तालिकीकरणले समस्याको समाधान दिने भन्दा पनि समस्यालाई टार्दै-टार्दै गएको जस्तो देखिएको छ । बैङ्कहरूको कर्जा प्रणाली चुस्तदुरुस्त नभएको, एउटा कर्जा तिर्न अर्को दिने गरेको र लक्षित वर्गमा प्रवाह गरिनुपर्ने कर्जा गैरलक्षित समूहले दुरुपयोग गरेको भन्दै बैङ्कहरूको कर्जा प्रणालीप्रति आलोचना हुँदै आएको छ । अर्थतन्त्रका सबै गतिविधि वित्तसँग सम्बन्ध राख्ने भएकाले बैङ्कको भविष्यले समग्र अर्थतन्त्रको भविष्य प्रतिविम्बित गर्ने छ । बैङ्कहरूले एउटै व्यक्ति, समूह र क्षेत्रमा कर्जा अधिकेन्द्रित गरिरहँदा वित्तीय प्रणालीमा यसले निम्त्याउने सक्ने सङ्कटको बारेमा बैङ्कले समयमै चनाखो हुनुपर्ने आवश्यकता छ ।

अर्थतन्त्र टाट पल्टाउन सक्ने विदेशी विनिमय सञ्चिति, सार्वजनिक दायित्व र वित्तीय प्रणालीसहित तीन वटै परिसूचकमा नेपालको अवस्था कमजोर नभएकाले नेपाली अर्थतन्त्र टाट पल्टिन्छ भनेर लेख्नु र बोल्नु हतार हुन सक्छ । सरकारले आफ्नो सार्वजनिक दायित्वको उचित व्यवस्थापन गर्न नसकेको अवस्थामा र सहकारी, लघुवित्तलगायत समग्र वित्तीय प्रणालीमा सुधार गर्न नसकेमा भने नेपालको अर्थतन्त्र कमजोर बन्न सक्छ । जुन कुरा सन् २०१० वरिपरि पोर्चुगल, इटाली, ग्रिस र स्पेनलगायतका देशमा देखिएको युरोजोन सङ्कटले समेत पुष्टि गरिसकेको छ ।

# नवप्रवर्तनमुखी शिक्षा आवश्यक



• रबिप्रसाद बराल

नेपालको शिक्षा प्रणाली लामो समयदेखि प्रमाणपत्र-केन्द्रित मानसिकतामा जकडिँदै आएको छ । शैक्षिक उपलब्धिको मापन सिप, दक्षता र व्यावहारिक ज्ञान कति हासिल भयो भन्ने आधारमा हुनुपर्नेमा, कति प्रमाणपत्र थपियो भन्ने मापदण्डमा सीमित हुँदै गएको छ । परिणामस्वरूप विद्यार्थीमा मौलिक सोच, अनुसन्धानको भावना, नवप्रवर्तन क्षमता र समस्या समाधान गर्ने योग्यता कमजोर हुँदै जाने जोखिम बढ्दो छ ।

आज विश्व ज्ञान, प्रविधि, अनुसन्धान र सिर्जनशील नवप्रवर्तनमा आधारित समाज निर्माणतर्फ अघि बढिरहेको छ । यस्तो परिवेशमा डिग्रीलाई अन्तिम लक्ष्य ठान्ने सोचले नेपाललाई विश्व प्रतिस्पर्धाको दौडबाट पछि पार्ने खतरा गहिरिँदो छ । प्रसिद्ध दार्शनिक जोन डेवीले भनेका छन्, शिक्षा जीवनको तयारी मात्र होइन, जीवन स्वयम् हो । अबको पुस्तालाई कागजी प्रमाणपत्रभन्दा बढी स्वरोजगार सिर्जना गर्ने शक्ति, व्यावहारिक सिप, सिर्जनशील सोच र उद्यमशील दृष्टिकोण आवश्यक छ । शिक्षा प्रणाली अब डिग्री वितरण गर्ने माध्यमभन्दा ज्ञान सिर्जना, नवप्रवर्तन र जीवनोपयोगी दक्षता विकास गर्ने प्रक्रिया बन्नु पर्छ । नेपालको शिक्षा जीवनसँग जोडिने, सिर्जनशीलता र नवप्रवर्तनको बाटो समाउने र युवालाई आफ्नै भविष्यको निर्माणकर्ता बनाउने दिशामा रूपान्तरण हुनु अत्यावश्यक छ ।

### प्रमाणपत्र-केन्द्रित सोच

हाम्रो शिक्षा प्रणाली अझै पनि डिग्री मुखी मानसिकतामा बाँधिएको छ । धेरैजसोले शिक्षालाई जीवनपयोगी सिकाइ र क्षमता विकासको माध्यमभन्दा पनि रोजगारका लागि प्रमाणपत्र प्राप्त गर्ने साधनका रूपमा बुझ्ने प्रवृत्ति छ । मूल्याङ्कनको आधार पनि कति सिकियो ? भन्दा बढी, कति जिपिए आयो, कति कक्षा पास भयो, कति प्रमाणपत्र बटुलियो ? मा सीमित भएकाले हाम्रो शिक्षा जीवनपरक बन्न नसकेको हो । यस सोचले ‘परीक्षा-घोकाइ-डिग्री-सफलता’ भन्ने गलत धारणालाई जन्म दिएको देखिन्छ । सिकाइको उद्देश्य ज्ञान, सिप र व्यावहारिक दक्षता विकासभन्दा पनि अङ्क बटुल्ने लक्ष्यमा सीमित हुँदै गएको छ । विद्यार्थी प्रश्न गर्ने, सोच्ने, सिर्जना गर्ने र अनुसन्धान गर्नेभन्दा रटेर सिक्ने संस्कृतिमा बाँधिएका छन् । यस्तो सिकाइ दीर्घकालीन र जीवनमा प्रयोगयोग्य बन्न सक्दैन ।

हाम्रा विश्वविद्यालय अनुसन्धान, नवप्रवर्तन र ज्ञान सिर्जनाका केन्द्र हुनुपर्नेमा सिद्धान्तमा आधारित, पाठ्यपुस्तक केन्द्रित अध्यापनमै सीमित छन् । अनुसन्धान संस्कृतिको अभाव, बजेटको न्यूनता, पूर्वाधार र प्रोत्साहनको कमी तथा शोध आधारित कार्यलाई प्राथमिकता नदिँदा विश्वविद्यालयले समाजका समस्यामा अपेक्षित योगदान दिन सकेका छैनन् ।

विश्वविद्यालय-उद्योग-समुदाय सहकार्य कमजोर हुनु अर्को चुनौती हो । इन्टर्नसिप, फिल्ड-आधारित अध्ययन, परियोजना साझेदारी र प्रविधि स्थानान्तरण अभ्यास पर्याप्त नभएकाले उत्पादन हुने जनशक्ति बजार अनुकूल दक्ष बन्न सकेको छैन । उद्यमशीलता, नेतृत्व, नवप्रवर्तन र समस्या समाधान सिप कमजोर हुँदा डिग्रीधारी बेरोजगार बढ्दै गएका छन्, जसले वैदेशिक रोजगारी र ब्रेन ड्रेनलाई तीव्र बनाइरहेको छ ।

प्रमाणपत्र-केन्द्रित शिक्षाले कागजी योग्यता त उत्पादन गरिरहेको छ, तर देशलाई आवश्यक सिपयुक्त, नवप्रवर्तनशील, अनुसन्धानमुखी र समाधान उन्मुख जनशक्ति तयार गर्न नसक्दा शिक्षाको मूल उद्देश्य अधुरो छ । अब शिक्षा प्रणालीलाई ज्ञान, सिप, अनुसन्धान र नवप्रवर्तनमुखी संस्कृतिमा रूपान्तरण गर्ने समय आएको छ ।

### ज्ञान, सिर्जना र नवप्रवर्तनमुखी शिक्षा

२१ औं शताब्दीमा सफलता, केवल जानकारी बोकेर होइन, नयाँ ज्ञान सिर्जना गर्ने, नवप्रवर्तन गर्ने र समस्या समाधान गर्न सक्ने क्षमताबाट मापन हुन्छ । नेपालको शिक्षा प्रणालीलाई पुस्तिकामा आधारित र परीक्षामुखी मोडेलबाट सिप, सोच, अनुसन्धान र नवप्रवर्तन केन्द्रित बनाउन आवश्यक छ । विद्यार्थीलाई केवल तथ्य र सिद्धान्त सिकाएर भविष्यको प्रतिस्पर्धा जिताउन सकिँदैन । उनीहरूमा समालोचनात्मक सोच, सिर्जनशीलता, सञ्चार सिप, सहकार्य र चरित्र विकास गरिनु पर्छ । यी सिपले ज्ञानलाई व्यवहारमा लागु गर्न र जीवनमा प्रयोग गर्न सक्षम बनाउँछ ।

शिक्षाविद् अल्बर्ट आइन्स्टाइनले भने जस्तै शिक्षा तथ्य याद गर्ने कुरा होइन, सोच्ने क्षमताको प्रशिक्षण हो । हाम्रो शिक्षा प्रणाली अब परम्परागत ज्ञान हस्तान्तरणमा सीमित नरही ज्ञान सिर्जना गर्ने प्रक्रियामा रूपान्तरण हुनु पर्छ । शिक्षाको उद्देश्य विद्यार्थीलाई सोच्ने, अनुसन्धान गर्ने, सिर्जना गर्ने र समस्या समाधान गर्ने क्षमता जगाउने हुनु पर्छ ।

शिक्षा र उद्योगबिचको सहकार्य सुदृढ बनाएर सिकाइलाई व्यवहारसँग जोड्न आवश्यक छ । इनोभेसन ल्याब, इनक्युवेसन हब, स्टार्टअप संस्कृति र अनुसन्धान केन्द्र स्थापना गर्न सके विद्यार्थीले नयाँ विचारलाई उद्यम, प्रविधि वा सामाजिक समाधानमा रूपान्तरण गर्ने अवसर पाउँछन् । शिक्षक अब विद्यार्थीको क्षमता, जिज्ञासा र सिर्जनशीलतालाई उकास्ने सहजकर्ता तथा उत्प्रेरक बन्नु पर्छ । अबको शिक्षा प्रणालीले विद्यार्थीलाई रोजगारी खोज्ने होइन, अवसर सिर्जना गर्ने, समस्या समाधान र समाज रूपान्तरणमा सक्षम बनाउने दिशामा उन्मुख हुनु पर्छ । यही मार्गले नेपाल ज्ञान-अर्थतन्त्र र नवप्रवर्तनमा आधारित विकासतर्फ अघि बढ्न सक्छ ।

### विश्वविद्यालयले गर्नुपर्ने रूपान्तरण

शिक्षालाई ज्ञान सिर्जना र नवप्रवर्तनमुखी बनाउने लक्ष्य प्राप्त गर्न शिक्षा प्रणालीका सबै तहमा संरचनात्मक, नीतिगत र व्यवहारगत रूपान्तरण आवश्यक छ । विद्यालयदेखि विश्वविद्यालयसम्म शिक्षण-सिकाइ, मूल्याङ्कन, पाठ्यक्रम र शैक्षिक वातावरणमा आमूल परिवर्तन बिना अपेक्षित सुधार सम्भव छैन । विद्यालय तहमा सिकाइ जिज्ञासा, सिर्जनशीलता र विश्लेषणात्मक क्षमता विकासतर्फ उन्मुख हुनु पर्छ । घोकाइ केन्द्रित पाठ्यक्रम, निश्चित उत्तरमा सीमित शिक्षाशैली र अङ्कमुखी मूल्याङ्कनले विद्यार्थीको सोच र क्षमतामा बाधा पुऱ्याउँछ । विद्यालयले अनुभव, प्रश्न, परियोजना र फिल्डमा आधारित शिक्षण विस्तार गर्नु पर्छ ।

आधुनिक शिक्षाको मेरुदण्ड मानिने विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित (एसटिइएएम) शिक्षा प्रभावकारी रूपमा लागु गर्न सके, विद्यार्थीमा समालोचनात्मक सोच, नवप्रवर्तनशीलता र समस्या-समाधान गर्ने क्षमता सुदृढ हुन्छ । शिक्षाले विद्यार्थीलाई चरित्रवान् र जीवन-सिपयुक्त नागरिक बनाउनका लागि मूल्यमा आधारित, नेतृत्व, अनुशासन, सहानुभूति, सञ्चार, आर्थिक साक्षरता, भावनात्मक बुद्धिमत्ता र सामाजिक जिम्मेवारीसम्बन्धी ‘जीवन सिप शिक्षा’ लाई पाठ्यक्रम तथा सह-पाठ्यक्रमसँग जोड्नु पर्छ ।

विश्वविद्यालय नयाँ ज्ञान सिर्जनाको केन्द्र बन्नु पर्छ । त्यसका लागि प्रत्येक तहमा अनुसन्धान, उद्योग-इन्टर्नसिप र परियोजनामा आधारित अभ्यास अनिवार्य छ । विद्यार्थीले उद्योग, बजार र समुदायसँगको संलग्नताबाट सिकेको ज्ञान व्यवहारमा प्रयोग गर्न सिक्छन् र रोजगारयोग्य तथा नवप्रवर्तनशील जनशक्ति बन्न सक्छ ।

विश्वविद्यालय उद्योग-समुदाय सहकार्य मोडेल अर्थात् ‘ट्रिपल हेलिक्स मोडेल’ अपनाएमा ज्ञान, उद्यम, उद्योग र समाजबिच संयुक्त नवप्रवर्तन सम्भव हुन्छ । विश्वविद्यालयमा नवप्रवर्तन केन्द्र, अनुसन्धान प्रयोगशाला, उद्यम विकास केन्द्र र स्टार्टअप सपोर्ट सिस्टम स्थापना गर्न आवश्यक छ । उच्च शिक्षामा ‘ आउटकम आधारित शिक्षा’ लागु गर्नु सके यसले ‘के पढाइयो ? भन्दा विद्यार्थीले के गर्न सिक्यो ? लाई प्राथमिकता दिन्छ र उत्पादित जनशक्तिको गुणस्तरलाई कार्य-क्षमतासँग प्रत्यक्ष जोड्छ ।

सरकारले उच्च शिक्षामा कम्तीमा दुई प्रतिशत बजेट अनुसन्धानका लागि विनियोजन गर्नु पर्छ । वैदेशिक शिक्षा र अनुभवबाट प्राप्त ज्ञान, सिप र उद्यमशीलता देशमै प्रयोग गर्न सकिने ‘ब्रेन गेन’ नीति प्रभावकारी रूपमा लागु गर्न पर्छ । अनुसन्धान-अनुदान, नवप्रवर्तन परियोजनामा सहुलियत, शोधपत्र प्रकाशनमा प्रोत्साहन, प्रतिस्पर्धात्मक अनुसन्धान कार्यक्रम र नीतिगत समर्थन व्यवस्था आवश्यक छ । यस्ता कदमले नेपालमा अनुसन्धानमा आधारित, नवप्रवर्तनमुखी शिक्षा संस्कृति स्थापित गर्न मद्दत गर्ने छ ।**ज्ञान र सिप संस्कृतितर्फ**

आजको शिक्षा प्रणाली रोजगारी पाउने प्रमाणपत्रमा सीमित हुँदै गएको छ । यस प्रवृत्तिले शिक्षाको वास्तविक उद्देश्यलाई सङ्कुचित बनाउँदै ज्ञान, सोच र सिर्जनात्मकताको सार गुमाइरहेको छ । शिक्षा केवल उपाधि पाउने माध्यम होइन; यो सोच्ने, बुझ्ने, प्रश्न गर्ने, सिर्जना गर्ने र समाजप्रति जिम्मेवारी महसुस गराउने रूपान्तरिक शक्ति हो ।

अब शिक्षालाई जीवनपरक परिवर्तन, सामाजिक रूपान्तरण र राष्ट्र विकासको आधार बनाउन आवश्यक छ । साँचो शिक्षा त्यो हो, जसले विद्यार्थीलाई जिज्ञासु बनाउँछ, अनुसन्धान र नवप्रवर्तनमा प्रेरित गर्छ, समस्या समाधान गर्न सक्षम बनाउँछ र मूल्य, चरित्र, नेतृत्व र मानवीय संवेदनाले सम्पन्न नागरिक तयार गर्छ ।

ज्ञान, सिप र नवप्रवर्तनमा आधारित शिक्षा नै २१ औं शताब्दीको आवश्यकता हो, जहाँ विद्यार्थीहरू रोजगारी खोज्ने होइन, नयाँ अवसर सिर्जना गर्ने, उद्यमशीलता र सामाजिक रूपान्तरणका वाहक बन्न सक्छन् । डिग्री-केन्द्रित संस्कृतिबाट ज्ञान र सिप-केन्द्रित संस्कृतितर्फको यात्रा अबको राष्ट्रिय आवश्यकता हो ।

### निष्कर्ष

नेपालको भविष्य त्यहीँ पुस्ताले निर्धारण गर्छ, जसले स्वतन्त्र रूपमा सोच्न, प्रश्न उठाउन, सिर्जना गर्न र अनुसन्धान गर्न सक्ने साहस राख्छ । युवालाई रटान, अङ्क र डिग्रीको सङ्कुचित दायरामा सीमित राखिँदासम्म उनीहरूमा अन्तरनिहित क्षमता खुम्चिन्छ र राष्ट्रको प्रगतिमा अवरोध सिर्जना हुन्छ । अब शिक्षा केवल कागजी प्रमाणपत्रमै सीमित रहने समय सकिएको छ । शिक्षा ज्ञान सिर्जना, नवप्रवर्तन, समस्या समाधान, जीवनोपयोगी सिप, मूल्य र चरित्र विकाससँग जोडिनु पर्छ, नत्र बेरोजगारी र प्रतिभा पलायनको दुष्चक्र निरन्तर दोहोरिरहने छ ।

शिक्षा परिवर्तनका साहसिक कदम अब चालिएनन् भने अर्को पुस्ता ‘डिग्रीधारी बेरोजगार’ को पीडादायी पहिचानबाट मुक्त हुन सक्दैन । शिक्षा क्षेत्रमा संरचनात्मक, नीतिगत र दृष्टिगत रूपान्तरण आजको अपरिहार्य राष्ट्रिय प्राथमिकता बनेको छ । शिक्षालाई प्रमाणपत्रभन्दा क्षमता, डिग्रीभन्दा योगदान, घोकाइभन्दा अनुसन्धान, र नक्कलभन्दा नवप्रवर्तनतर्फ अभिमुख गराउनुपर्ने समय आएको छ । हामीले स्वतन्त्र सोच, सिर्जना र समाधानमुखी मानसिकता विकसित गर्न सक्यौँ भने नेपाल उपभोक्ता होइन-ज्ञान र नवप्रवर्तन निर्यात गर्ने राष्ट्रका रूपमा अघि बढ्न सक्छ ।

# निर्वाचनको सुरक्षा र लोकतन्त्रको सङ्कट



• ज्योतिकिरण

प्रधानमन्त्री सुशिला कार्कीको अध्यक्षतामा मंसिर ४ गते बसेको राष्ट्रिय सुरक्षा परिषद्को बैठकले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि सेना परिचालन गर्ने मन्त्रिपरिषद्लाई सिफारिस गर्ने निर्णय गरेको छ। राष्ट्रिय सुरक्षा परिषद्को ४१ औँ बैठकले निर्वाचन स्वतन्त्र,निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न भन्दै नेपालको संविधानको धारा २६६ को उपधारा (१ ) लाई टेकेर नेपाली सेनाको परिचालन गर्न मन्त्रिपरिषद् समक्ष सिफारिस गर्ने निर्णय गरेको छ। जेनजी आन्दोलनको क्रममा फरार भएका कैदीबन्दी र लुटिएका हतियारका कारण चुनावका लागि निष्पक्ष र सुरक्षित वातावरण बन्न नसकेको दलहरूको बुझाइका बीच आएको राष्ट्रिय सुरक्षा परिषद्को यस्तो निर्णयले निर्वाचनका निम्ति सबैलाई सुरक्षाको महसुस होस् भन्ने सरकारी मनसायले काम गरेको प्रस्ट बुझ्न सकिन्छ तर आज नेपालको राजनीतिक परिदृश्य जुन प्रकारको अभूतपूर्व संकट, अस्थिरता र वैधानिक जटिलताको भुमरीमा फसेको छ यस्तो बेला सेना परिचालनको निर्णयले मात्रै निर्वाचनको विश्वासिलो वातावरण तयार भएको निष्कर्ष निकाल्न सकिँदैन । लोकतन्त्रको पुनस्र्थापना यताका प्रत्येक दशकले संक्रमणकालीन अवधिका भिन्न - भिन्न चरणहरू पार नगरेका होइनन् तर विगतका सङ्क्रमणकालीन चरणहरु आजको जस्तो संवैधानिक र राजनीतिक मार्गहरू अवरुद्ध भएको अवस्थामा थिएनन् । यस्तो बेला निर्वाचनका निम्ति संवैधानिक र राजनीतिक मार्गहरू प्रशस्त नगरि सेना परिचालनको निर्णयले नै निर्वाचनको वातावरण तयार गर्छ भन्ने सरकारको बुझाइ अत्यन्तै प्राविधिक खालको देखिन्छ । यस्तो टेक्निकल बुझाइले देशको संकट समाधानको स्थायी विकल्प दिन सक्दैन । यसले उल्टै सेना राजनीतिक विवादमा तानिने र देश थप संकटमा पर्ने खतरा रहन्छ ।

**कमजोर बुझाइ:**
निर्वाचन कुनै प्राविधिक प्रक्रिया मात्र होइन; यो लोकतान्त्रिक वैधताको आधारशिला हो। यसका लागि सबल कानुनी र संवैधानिक फ्रेमवर्क हुनुपर्छ, जसले निर्वाचन आयोगलाई पूर्ण अधिकार दिन्छ । तर यहाँ यस्तो अस्थिर र अनिश्चयमा चुनाव गराउने जिम्मेवारी पाएको निर्वाचन आयोग नै नेतृत्वविहीन अवस्थामा छ । यस्तो अवस्थामा चुनावी सुनिश्चिततालाई लिएर आशंका कायम रहेका बेला सरकारले अध्यादेश मार्फत पदाधिकारी नियुक्तिको बाटो खोल्ने तयारी गरेको छ र सरकारसँग अर्को विकल्प पनि छैन तर यसमा कति राजनीतिक सहमति र स्वीकार्यता छ भन्ने कुराले गहिरो अर्थ राख्छ। प्रमुख राजनीतिक शक्तिहरूबीच निर्वाचनको प्रक्रिया र नतिजालाई स्वीकार गर्ने न्यूनतम सहमति र विश्वास बन्न नसकेको अवस्थामा निर्वाचन आयोग एक्लैले चुनावको दायित्व बहन गर्न सक्दैन । यस्तो अवस्थामा सेना परिचालन गरिएकै भए पनि नागरिकले डर, त्रास र बाह्य प्रभावबिना स्वतन्त्र रूपमा मतदान गर्न सक्ने अवस्था बन्छ भन्ने कुराको कुनै निश्चित हुँदैन ।

**वैचारिक विचलन:**
नेपालको संविधानले निर्वाचनको सुरक्षा व्यवस्थापनका लागि सेनालाई अन्तिम विकल्पका रूपमा र निश्चित कानुनी प्रक्रिया पुर्‍याएर मात्र परिचालन गर्न सक्ने व्यवस्था गरेको छ। सेनाको प्राथमिक भूमिका राष्ट्रिय सुरक्षा र बाह्र्य खतराबाट मुलुकको रक्षा गर्नु हो। आन्तरिक राजनीतिक प्रक्रियाको सहजीकरण वा व्यवस्थापन सेनाको संवैधानिक कार्यक्षेत्रभित्र पर्दैन। सेनाको परिचालन विशुद्ध सुरक्षा व्यवस्थापनका लागि मात्र हो।राजनीतिक शून्यता भर्ने वा राजनीतिक प्रक्रियालाई नेतृत्व गर्ने होइन । निर्वाचन सुरक्षा व्यवस्थापनको अग्रपंक्तिमा सेनाको प्रयोगले राजनीतिक दलहरूको असफलतालाई छोप्ने र नागरिकमा लोकतन्त्रप्रतिको विश्वास घटाउने जोखिम हुन्छ।

नेपालको वर्तमान संकट सेना परिचालनको विकल्प खोज्नुपर्नेजति सतही छैन। यो संकटको जड संरचनात्मक र वैचारिक विचलन मा निहित छ। राजनीतिक दलहरू जनमुखी एजेन्डाभन्दा सत्ता प्राप्ति र शक्ति सञ्चयमा केन्द्रित हुँदा संवैधानिक संस्थाहरूलाई कमजोर बनाइएको छ। बारम्बार संसद् विघटन, अध्यादेशको दुरुपयोग र शक्ति पृथकीकरणको सिद्धान्तलाई कमजोर बनाउने प्रयासले संवैधानिक व्यवस्थामाथिको संकट बढाएको छ। दलहरूसँग मुलुकको आर्थिक, सामाजिक र भूराजनीतिक जटिलताहरूलाई सम्बोधन गर्ने कुनै स्पष्ट र दूरगामी वैचारिक खाका छैन । नेताहरू अल्पकालीन 'गिभ एन्ड टेक' को राजनीतिको चक्रव्यूहमा फसेका छन् । भ्रष्टाचार, सुशासनको अभाव र नागरिकप्रति जवाफदेही नहुने प्रवृत्तिका कारण राजनीतिक नेतृत्व र नागरिकबीचको खाडल फराकिलो भएको छ।

**दुष्परिणामहरू:**
सेना परिचालन गरेर गरिने निर्वाचनले तत्कालको राजनीतिक गतिरोध अन्त्य गरे तापनि यसले दूरगामी नकारात्मक परिणामहरू निम्त्याउँन सक्ने खतरा देखिन्छ । निर्वाचन सुरक्षामा सेनाको प्रत्यक्ष भूमिकाले नागरिक राजनीतिको अवमूल्यन भएको अर्थ लाग्न सक्छ र लोकतन्त्रको 'सिभिलियन कन्ट्रोल' सिद्धान्तलाई कमजोर बनाएको सन्देश जाने मात्र होइन यो कुनै पनि भविष्यको सरकारका लागि डरलाग्दो नजिर बन्न सक्छ। त्यति मात्र होइन प्रत्यक्ष सैन्य सुरक्षाको बलबाट सम्पन्न निर्वाचनलाई अन्तर्राष्ट्रिय समुदायले पूर्ण लोकतान्त्रिक वैधता प्रदान गर्न हिचकिचाउन सक्छ, जसले नेपालको कूटनीतिक छविमा नकारात्मक असर पार्छ । सेनालाई प्रत्यक्ष राजनीतिक कार्यमा संलग्न गराउँदा उसको व्यावसायिकतामा ह्रास आउँछ। सेनाले आफ्नो प्राथमिक जिम्मेवारीभन्दा बाहिरको कार्यमा ध्यान दिनुपर्ने हुँदा यसले समग्र राष्ट्रिय सुरक्षा प्रणालीलाई नै कमजोर बनाउँन सक्छ ।

**निष्कर्ष:**
सेनाको सुरक्षा व्यवस्थापनमा निर्वाचन त हुन सक्छ, तर त्यो निर्वाचनले लोकतान्त्रिक वैधता र दिगोपन प्राप्त गर्छ भन्ने कुनै 'ग्यारेन्टी' हुन सक्दैन । निर्वाचनको पहिलो सुरक्षा भरोसा सेनामा केन्द्रित हुने राजनीतिक परिस्थिति निर्माण हुनु एक प्रकारले आत्मघाती र अलोकतान्त्रिक बाटो पनि हो। वर्तमान संकटको दिगो समाधान सेनाको बन्दुकमा होइन, राजनीतिक नेतृत्वको इमान्दारिता, त्याग र संवैधानिक विवेकमा निहित छ । त्येसैले सबै राजनीतिक दलहरूले तत्काल संविधानको पालना र संवैधानिक निकायहरूको मर्यादालाई उच्च राख्ने प्रतिबद्धता जनाउनुपर्छ। प्रमुख दलहरूले अहङ्कार र सत्ता स्वार्थ भन्दा माथि उठेर राष्ट्रिय एजेन्डाहरूमाथि गम्भीर संवाद गरी निर्वाचनको वातावरण बनाउनुपर्छ। नेताहरूले सुशासन र जवाफदेहितालाई प्राथमिकतामा राखी जनविश्वास पुनस्र्थापना गर्नुपर्छ।

सेनालाई राजनीतिक प्रक्रियाबाट पूर्ण रूपमा अलग राखी निर्वाचनको पूर्ण जिम्मेवारी निर्वाचन आयोगलाई दिने र राजनीतिक दलहरूले आफ्नो असफलतालाई स्वीकार गरी संवैधानिक बाटो अवलम्बन गर्ने हो भने मात्र दिगो निर्वाचन र वास्तविक लोकतन्त्रको रक्षा सम्भव छ। सेनालाई राजनीतिक दलको असफलताको साक्षी बनाउने प्रयत्न नेपालको लोकतान्त्रिक भविष्यका लागि अत्यन्तै घातक कदम हुनेछ।

# जेनजीका न्यायोचित माग पूरा गर्न जसपा नेपालको माग

झापा,मंसिर ८। जनता समाजवादी पार्टी (जसपा) नेपालले आफ्ना २८ बुँदे मुख्य माग र राष्ट्रिय मुद्दाहरु सार्वजनिक गरेको छ।

जसपा नेपालले संविधान संशोधन, संघीय प्रणालीको सिद्धान्तका आधारमा प्रदेशहरुलाई अधिकार सम्पन्न गर्नुपर्नेदेखि जेनजी पुस्ताले आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरु सरकारले पुरा गर्नुपर्ने माग उठाएको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले बताएका छन् ।
जसपा नेपालले भनेको छ, संविधान संशोधन अथवा पुनरर्लेखन गरी राष्ट्रिय समास्याहरूको समाधान गरी मुलुकलाई निकास दिनुका साथै राष्ट्रिय/जातीय पहिचान झल्कने गरी राज्य पुनर्संरचना उच्च स्तरीय आयोगको सुझाव प्रतिवेदन २०६८ को आधारमा (१०+१) हुने गरी राज्यको पुनः पुनर्संरचना गरिनुपर्दछ ।'
जसपा नेपालले जेन जी (युवा पुस्ता) ले आन्दोलनका दौरान उठाएका न्यायोचित माग र मुद्दाहरूलाई सरकारले सम्बोधन गर्न तथा जेन जी विद्रोहलाई दवाउन सरकारले गरेको दमनका कारण, भए गरेका हिंसा, हत्या, आगजनी विध्वंश जस्ता क्रियाकलापहरूको छानवीन गरी कसूर ठहरेकालाई कानून बमोजिम कारवाही गर्न भनेको छ । भ्रष्टाचार नियन्त्रण, सुशासन र पारदर्शीताको प्रत्याभूति गराइनुपर्ने, सरकारमा रहेर विगतमा भए गरेका सम्पूर्ण भ्रष्टाचारहरु, भ्रष्टाचारसँग सम्बन्धित् विभिन्न काण्डहरूउपर छानवीन गरी भ्रष्टाचारीहरूलाई कानूनबमोजिम कारवाही गरिनुपर्नेमा जसपा नेपालको जोड रहेको छ ।



पार्टीले उठाउँदै आएका २८ बुँदे विभिन्न माग र राष्ट्रिय मुद्दाहरू केन्द्रीय कार्यकारिणी समितिको बैठकले पारित गरी ती माग र मुद्दा पुरा गर्न मंसिर १० गतेदेखि नै विभिन्न सङ्घर्षका कार्यक्रमसमेत घोषणा गरिएको बस्नेतले बताए ।

# एक खर्ब पुग्न लाग्यो सामाजिक सुरक्षा कोषमा योगदानको रकम

झापा,मंसिर ८ । सरकारले आमनागरिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन सुरु गरेको सामाजिक सुरक्षा कोषमा झन्डै रु एक खर्ब बराबरको योगदान रकम पुगेको छ। कोषका अनुसार हालसम्म कूल योगदान रकम रु ९५ अर्ब ४४ करोड १० लाख ५६ हजार तीन सय ६२ बराबर पुगेको छ। कोषमा हालसम्म सूचीकृत रोजगारदाता २२ हजार तीन सय नौ पुगेका छन्। यस्तै सूचीकृत योगदानकर्ता २६ लाख ४१ हजार एक सय ८९ बराबर पुगेको छ । कोषले हालसम्म रु १७ अर्ब ६४ करोड ८८ लाख ३४ हजार छ सय ८४ बराबरको रकम दाबी भुक्तानी गरेको छ।
कोषका अनुसार, औषधी उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु दुई अर्ब ५१ करोड २० लाख ९४ हजार आठ सय २२, दुर्घटना तथा अशक्तता दावी रु २२ करोड ८६ लाख ५३ हजार चार सय ७५ बराबर रहेको छ । त्यस्तै आश्रित परिवार सुरक्षा दाबी रकम रु २९ करोड सात लाख ७२ हजार एक सय १६ र अवकाश दाबी रकम रु १४ अर्ब ६१ करोड ७३ लाख १४ हजार दुई सय ७१ बराबर छ।




सरकारले पछिल्लो पटक वैदेशिक रोजगारीमा जाने श्रमिकलाई समेत कोषमा अनिवार्य रूपमा सहभागी हुनुपर्ने बाध्यकारी व्यवस्था गरेपछि कोषको प्रभावकारिता समेत बढेको छ । स्वरोजगार श्रमिक, उद्योग प्रतिष्ठान तथा विभिन्न सङ्घसंस्थाका कार्यरत कामदार तथा श्रमिक कोषमा सहभागी भइ योगदानकर्ता बन्न सक्छन् ।
कोषमा नियमित रूपमा योगदान गर्नेले औषधोउपचार, पेन्सन तथा दुर्घटना अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना, वृद्धावस्था सुरक्षा योजनाअन्तर्गत सुविधा पाउँछन् । कोषलाई प्रभावकारी बनाउन थप सिर्जनशल योजना ल्याउनुपर्ने आवाज पनि उठ्दै आएको छ । कोषमा योगदान रकम बढ्दै जाँदा लगानीका अन्य स्रोतहरूको खोजी गर्नुपर्ने आवश्यकता बढेर गएको छ।

# सीमाबाट हुने अवाञ्छित गतिविधि र राजस्व चुहावट रोक्न गृहमन्त्रीको निर्देशन

गृहमन्त्री ओमप्रकाश अर्यालले सीमामा हुनसक्ने अवाञ्छित गतिविधि र राजस्व चुहावट रोक्न निर्देशन दिएका छन्।

उनले नेपाली नागरिकलाई सीमामा सहज वातावरण बनाउन निर्देशन दिए।
रूपन्देहीको सिद्धार्थ नगरपालिकास्थित भैरहवा–बेलहियामा निर्माणाधीन एकीकृत जाँच चौकी र सशस्त्र प्रहरी बल नेपालको डण्डास्थित त्यहाँको सीमा सुरक्षा गुल्मको निरीक्षणका क्रममा निर्देशन दिएका हुन्।



मङ्गलबारबाट लुम्बिनी प्रदेशबाट सुरु हुन लागेको प्रदेशस्तरीय सुरक्षा गोष्ठीको पूर्वसन्ध्यामा उनले आज यहाँ आएको अवसरमा निरीक्षण भ्रमण गरेका हुन्।

मन्त्री अर्यालले आजै लुम्बिनी पुगेर मायादेवी मन्दिर पुगेका थिए।

निरीक्षणका क्रममा मन्त्री अर्यालसँग गृहसचिव रामेश्वर दंगाल, नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका प्रमुख राजु अर्याल, राष्ट्रिय अनुसन्धानका प्रमुख अनुसन्धान अधिकृत टेकेन्द्र कार्की, रूपन्देहीका प्रमुख जिल्ला अधिकारी, प्रदेश प्रहरी तथा सशस्त्र प्रहरी प्रमुख र जिल्लाका प्रहरी प्रमुखको उपस्थिति रहेको थियो।

मन्त्री अर्याललाई प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जाँच चौकीको भौतिक प्रगति तथा उपलब्ध हुने सेवाबारे जानकारी गराए। हालसम्म जाँच चौकीको भौतिक प्रगति ७९ प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत पुगेको जानकारी गराइएको गृह मन्त्रीको सचिवालयले जनाएको छ।

यसैगरी मन्त्री अर्यालले सशस्त्र प्रहरीबल नेपालको भैरहवास्थित सीमा सुरक्षा गुल्म, पुगेर समग्र सीमा सुरक्षा तथा वस्तुस्थितिबारे जानकारी लिए।

# एआईजीमा ईश्वर कार्की बढुवा, उपत्यका प्रहरीको कमाण्ड

काठमाडौँ : काठमाडौँ उपत्यका प्रहरी प्रमुखको जिम्मेवारी नवनियुक्त अतिरिक्त महानिरीक्षक (एआईजी) ईश्वर कार्कीले पाएका छन्।
सोमबार बसेको मन्त्रिपरिषद् बैठकले एआईजीमा सिफारिस कार्कीलाई बढुवाको निर्णय गर्दै उपत्यका प्रहरी कार्यालय रानीपोखरीमा पदस्थापन गर्ने निर्णय गरेको हो।

गृहमन्त्री ओमप्रकाश अर्यालले बढुवा र पदस्थापनको प्रस्ताव यसअघि नै मन्त्रिपरिषद्मा पेस गरेका थिए। मन्त्री अर्याल भने सोमबार मन्त्रिपरिषद् बैठकअघि नै भैरहवा पुगेका थिए। उनको अनुपस्थितिमा बसेको बैठकले एआईजी कार्कीको बढुवा र पदस्थापनको निर्णय गरेको हो।
यसअघि डीआईजी हुँदा कार्की कोशी प्रदेशका प्रहरी प्रमुख थिए। उपत्यका प्रहरी कार्यालय कात्तिक २६ गतेदेखि प्रमुखविहीन भएको थियो। दानबहादुर कार्की आईजीपी भएपछि उपत्यका प्रमुख रिक्त भएको थियो।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

# खगेन्द्र सुनार नेतृत्वको पार्टीले पायो दल दर्ताको प्रमाणपत्र

झापा,मंसिर ८ । खगेन्द्र सुनार नेतृत्वको हाम्रो पार्टी नेपाल निर्वाचन आयोगमा दर्ता भएको छ। सोमबार मध्याह्न सो पार्टी निर्वाचन आयोगमा दर्ता भएको हो । बाजागाजासहित पुगेर सुनारसहितले पार्टी दर्ताको प्रमाण पत्र लिएका छन् । उनीहरूले गत कात्तिक १८ गते दल दर्ता निवेदन दिएका थिए भने आज आधिकारिकता प्रमाण पत्र लिएका हुन्।

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१[illegible] | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

मेष: भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडवडी भई कामकाजमा असर
वृष: भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ
मिथुन: रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।
कर्कट: मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ
सिंह: दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।
कन्या: आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति
तुला: सामान हराउने वा चोरी हुने सम्भावना छ।
वृश्चिक: दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।
धनु: आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।
मकर: आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि
कुम्भ: कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।
मिन: सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ